राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय, (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस विज्ञप्ति

२०७५ असार २७

## मानवीय मर्यादाको सम्मान गर्न आग्रह ।

नेपाल संस्कृत विश्व विद्यालयका उपकुलपति प्रा.डा. कुल प्रसाद कोइरालालाई क्यानाडामा आयोजित अन्तर्राष्ट्रिय संस्कृत सम्मेलनमा विशिष्ठ अतिथिका रुपमा भाग लिन जाने क्रममा २०७५ असार २३ गते बेलुका त्रिभुवन विमानस्थलबाट नेपाल प्रहरीले नियन्त्रणमा लिई प्रधामन्त्री निवास बालुवाटारमा पुर्‍याई दुइघण्टा सम्म राखिएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस सम्बन्धमा आयोगमा उजुरी प्राप्त भएको छ । उक्त घटनालाई आयोगले गम्भीर रुपमा लिएको छ । विश्व विद्यालयको उपकुलपति जस्तो प्राज्ञिक व्यक्तित्वलाई जिम्मेवार निकायबाट मान मर्यादा विपरित नियन्त्रणमा लिईनु मानव अधिकारको मुल्य मान्यता विपरितको कार्य हो ।

अत: विश्व विद्यालय जस्तो स्वायत्त निकायका उपकुलपति जस्तो प्राज्ञिक व्यक्तित्वमाथि भएको यस्तो कार्यबाट व्यक्तिको सामाजिक प्रतिष्ठा र सम्मानको उल्लंघन हुने भएको हुनाले यसप्रति गम्भीर हुन सम्बन्धित सरोकारवालालाई आयोग आग्रह गर्दछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org